21 September 2024

**यो आकाशवाणी हो**

**मुख्य समाचार**

- **प्रधानमन्त्री श्री मोदीले आज राति अमेरिकी राष्ट्रपति श्री जो बाइडेनसित भेटवार्ता गर्नका साथै क्वाड शिखर सम्मेलनमा भाग लिनुहुने**
- **दिल्लीकी तेस्रो महिला मुख्यमन्त्री बन्नुभयो सुश्री आतिशी**
- **वामपन्थी उग्रवादीहरूलाई हिंसा त्याग्न राष्ट्रपतिको आग्रह**
- **४२ दिनपछि पश्चिम बंगालमा जुनियर डाक्टरहरूको हडताल समाप्त**
- **सरकारी ई-मार्केटप्लेस-GeM ले बिक्रेता र सेवा प्रदाताहरूका लागि लेनदेन शुल्क घटायो**
- **पहिलो टेस्टमा बंगलादेशलाई भारतले दियो 515 रनको विशाल लक्ष्य**

**अब समाचार विस्तारमा**

**प्रधानमन्त्रीको अमेरिका भ्रमण**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज राति अमेरिकाको **डेलावेयरको विल्मिन्टन**मा राष्ट्रपति श्री जो बाइडेनसँग द्विपक्षीय भेटवार्ता गर्नु हुनेछ। तीन दिने अमेरिका भ्रमणमा रहनु भएका श्री मोदीले धेरै उच्चस्तरीय बैठक र कार्यक्रममा भाग लिनु हुनेछ।

आज राति उहाँ क्वाड नेताहरूको छैटौं वार्षिक शिखर सम्मेलनमा सहभागी हुनु हुनेछ। क्वाडमा अमेरिका, जापान, भारत र अष्ट्रेलिया सदस्य रहेका छन् । क्वाड समूहका सदस्यहरूले जलवायु परिवर्तनदेखि लिएर उदीयमान टेक्नोलोजीसम्मका विभिन्न महत्वपूर्ण मुद्दाहरूमा छलफल गर्ने अपेक्षा गरिएको छ।

श्री मोदीले अस्ट्रेलियाका प्रधानमन्त्री श्री एन्थोनी अल्बानीज र जापानी प्रधानमन्त्री श्री फुमियो किशिदासँग पनि द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ ।

आज बिहान अमेरिका प्रस्थान गर्नअघि प्रधानमन्त्रीले एक विज्ञप्ति जारी गर्दै क्वाड फोरम हिन्द प्रशान्त क्षेत्रमा शान्ति, प्रगति र समृद्धिका लागि काम गर्ने समान विचारधारा भएका देशहरूको अग्रणी समूहका रूपमा उदाएको बताउनु भएको छ ।

राष्ट्रपति श्री बाइडेनसँगको भेटले भारत र अमेरिकालाई आफ्नो व्यापक वैश्विक रणनीतिक साझेदारीलाई अझ गहिरो बनाउनका लागि नयाँ मार्गहरूको समीक्षा र पहिचान गर्न अनुमति दिने श्री मोदीले विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्री श्री मोदी न्यूयोर्क पनि जानु हुनेछ जहाँ उहाँले भारतीय समुदायसँग कुराकानी गर्नु हुनेछ। यसका साथै अमेरिकामा रहेका प्रमुख कम्पनीका शीर्ष अधिकारीहरूसँग भेट गर्ने कार्यक्रम रहेको छ।

आफ्नो भ्रमणको अन्तिम दिन श्री मोदीले न्यूयोर्कमा संयुक्त राष्ट्र महासभामा 'भविष्यको लागि शिखर सम्मेलन' लाई सम्बोधन गर्नुहुनेछ।

## आतिशी शपथ ग्रहण

आम आदमी पार्टीकी नेता सुश्री आतिशीले आज दिल्लीकी मुख्यमन्त्रीको रुपमा शपथ ग्रहण गर्नुभयो। दिल्लीका उपराज्यपाल श्री भीके सक्सेनाले सुश्री अतिशीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो।

सुश्री आतिशीसँगै, आप पार्टीका नेताहरू श्री गोपाल राई, श्री कैलाश गहलोत, श्री सौरभ भारद्वाज, श्री इमरान हुसेन र श्री मुकेश अहलावतले राजनिवासमा आयोजित एक समारोहमा क्याबिनेट मन्त्रीको रूपमा शपथ लिनुभयो।

सुश्री अतिशी कालकाजी विधानसभा सीटबाट विधायक हुनुहुन्छ। उहाँ दिल्लीको तेस्रो महिला मुख्यमन्त्री बन्नुभएको छ। यसअघि भारतीय जनता पार्टीकी सुष्मा स्वराज र कंग्रेसकी शीला दीक्षित दिल्लीको मुख्यमन्त्री बनिसक्नुभएको छ।

यस सप्ताहको सुरुमा, श्री अरविन्द केजरीवालले आफ्नो मन्त्रिपरिषद्को साथमा उपराज्यपाललाई राजीनामा बुझाउनु भएको थियो।

## राष्ट्रपति-माओवादी

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा छत्तीसगढको बस्तर क्षेत्रका माओवादी हिंसाका पीडितहरूसँग भेट गर्नुभयो। यस अवसरमा राष्ट्रपतिले भन्नुभयो, कुनै पनि लक्ष्य हासिल गर्न हिंसाको बाटो अपनाउनु उचित होइन । समाजमा हिंसा धेरै महँगो प्रमाणित हुँदछ। राष्ट्रपति श्रीमती मुर्मुले वामपन्थी उग्रवादीहरूलाई हिंसा त्याग्न आग्रह

गर्नुभएको छ। उनीहरुको समस्या समाधान गर्नका लागि सरकारले हरसम्भव प्रयास गर्ने उहाँले आश्वासन दिनुभएको छ।

**पश्चिम बंगाल – डाक्टर**

पश्चिम बङ्गालको कोलकातास्थित आरजी कर मेडिकल कलेज एवम् अस्पतालमा जुनियर डाक्टरमाथि भएको बलात्कार र हत्याको ४२ दिनपछि जुनियर डाक्टरहरूले हडताल समाप्त गरेर आफ्नो आकास्मिक सेवा सुरु गरेका छन्। राज्य सरकारले राज्यका सबै मेडिकल कलेज र अस्पतालको सुरक्षाका लागि १० बुँदे निर्देशन जारी गरेको छ। हालसम्म जुनियर डाक्टरहरूले ओपीडी सेवा शुरु गरेका छैनन् र न्यायका लागि आफ्नो लडाई अदालतमा जारी रहने बताएका छन्।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**अमर सिंह – नियुक्ति**

एयर मार्शल अमर प्रीत सिंहलाई देशको नयाँ वायुसेना प्रमुखको रूपमा नियुक्त गरिएको छ। हाल उहाँ वायुसेनाको उपप्रमुखको रुपमा कार्यरत हुनुहुन्थ्यो। एयर मार्शल अमर प्रीत सिंहले यही महिनाको ३० तारिक दिउँसो एयर चीफ मार्शल विवेक राम चौधरीबाट वायुसेना प्रमुखको पदभार ग्रहण गर्नु हुनेछ।

## जम्मू-कश्मीर प्रचार

जम्मू-कश्मीर विधानसभा चुनाउका लागि प्रचार अभियान अझ तिव्र भएको छ। भारतीय जनता पार्टीका वरिष्ठ नेता एवम् केन्द्रीय गृहमन्त्री श्री अमित शाहले पुञ्छ जिल्लाको मेन्धर जिल्लामा चुनावी जनसभालाई सम्बोध गर्दै भाजपालाई मतदान गर्न अपील गर्नुभयो।

आफ्नो सम्बोधनमा श्री शाहले भन्नुभयो, पाकिस्तान प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग डराएको कारणले जम्मु सीमामा लामो समयदेखि युद्धविरामको उल्लङ्घन भएको छैन। उहाँले अहिले सिमानामा शान्ति छ भन्नुभयो।

अर्कोतिर, आज  कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खरडेले जम्मूमा चुनावी जनसभालाई सम्बोधन गर्दै मतदानका लागि अपील गर्नुभयो।

## पर्यावरण 100 दिन लक्ष्य

पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयले वन्यजीव आवास एकीकृत विकास योजनाको लक्ष्य हासिल गरेको छ । केन्द्रीय मन्त्रिपरिषद्ले भर्खरै 2 हजार 600 करोड रुपियाँ भन्दा धेरैको परिव्ययमा वन्यजीव आवास विकास योजनालाई निरन्तरता दिने अनुमोदन गरेको थियो। परियोजना बाघ, परियोजना हात्ती र वन्यजीव बासस्थान विकास यस योजनामा समावेश छन्। यो योजनाले प्रत्यक्ष रुपमा ५० लाख रोजगारी दिने मन्त्रालयले जनाएको छ ।

यस योजनाबाट कुल 55 बाघ अभ्यारण्य, 33 हात्ती अभ्यारण्य र 7 सय 18 संरक्षित क्षेत्र र अन्य क्षेत्र लाभान्वित हुनेछन् । यो योजनाले बाघ र वन्यजीवजन्तु संरक्षणमा सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ र अर्थव्यवस्था र पारिस्थितिकी सँगै बढ्न सक्छ भन्ने सुनिश्चित गर्दछ।

## GeM-लेनदेन

100-दिने पहलको एक अंशको रूपमा, सरकारी ई-मार्केटप्लेस-**GeM** ले आफ्नो प्लेटफर्ममा बिक्रेता र सेवा प्रदाताहरूका लागि लेनदेन शुल्क घटाएको छ। वाणिज्य तथा उद्योग मन्त्रालयले **GeM** मा आफ्नो कारोबार शुल्क लगभग 33 प्रतिशत घटाएको छ, जसले बिक्रेतालाई फाइदा पुग्ने र उनीहरूलाई थप प्रतिस्पर्धी बनाउने बताइएको छ । **GeM** ले आफ्नो पोर्टलको लागि नयाँ राजस्व नीति घोषणा गरेको छ, जो यस वर्ष 9 अगस्तदेखि लागू भएको छ।

यो नीति अनुसार १० लाख रुपियाँसम्मको कारोबारमा शून्य शुल्क लाग्ने छ । यसअघि यो सीमा पाँच लाख रुपियाँ थियो। यससँगै जीईएममा हुने लगभग 97 प्रतिशत कारोबार शून्य शुल्कको दायरामा आउने मन्त्रालयले जनाएको छ।

रहल कारोबारमा शून्य दशमलव तीन शून्य प्रतिशतका दरले अधिकतम तीन लाख रुपियाँसम्म नाममात्र शुल्क लाग्ने मन्त्रालयले जनाएको छ ।

**क्रिकेट भारत-बंगलादेश**

चेन्नईमा भारतसँगको पहिलो क्रिकेट टेस्ट म्याचको तेस्रो दिनको खेल समाप्त हुँदा आज बंगलादेशले दोस्रो पारीमा चार विकेट खर्च गरेर 158 रन बनाएर खेलिरहेको थियो। सकिब अल हसन पाँच रन अनि नजमुल हुसेन शान्तो 51 रन बनाएर क्रिजमा छन् ।

यसअघि आज भारतले चार विकेटमा 287 रन बनाएपछि आफ्नो दोस्रो पारी समाप्त भएको घोषणा गर्दै बंगलादेशलाई जितका लागि 515 रनको विशाल लक्ष्य दिएको थियो। भारतका लागि शुभमन गिलले 119 रन र ऋषभ पन्तले 109 रनको शतकीय पारी खेले । जसको सहयोगमा भारतले चार विकेटमा 287 रन बनाएर पारी घोषणा गरेको थियो ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **प्रधानमन्त्री श्री मोदीले आज राति अमेरिकी राष्ट्रपति श्री जो बाइडेनसित भेटवार्ता गर्नका साथै क्वाड शिखर सम्मेलनमा भाग लिनुहुने**
- **दिल्लीकी तेस्रो महिला मुख्यमन्त्री बन्नुभयो सुश्री आतिशी**
- **वामपन्थी उग्रवादीहरूलाई हिंसा त्याग्न राष्ट्रपतिको आग्रह**
- **४२ दिनपछि पश्चिम बंगालमा जुनियर डाक्टरहरूको हडताल समाप्त**
- **सरकारी ई-मार्केटप्लेस-GeM ले बिक्रेता र सेवा प्रदाताहरूका लागि लेनदेन शुल्क घटायो, अनि**
- **पहिलो टेस्टमा बंगलादेशलाई भारतले दियो 515 रनको विशाल लक्ष्य**

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो